**सिन्धुपाल्चोक जिल्लाको शिखरपुर गाविस वडा नं.८ मा आगलागी हुँदा ७ लाख बराबरको क्षति, मानविय क्षति नभएको**

मिति २०७३।०८।०८ गते राती २२:०० बजेको समयमा जि.सि.पा. शिखपुर-८ स्थित भिम रावलको एक तल्ले ढुङ्गा-माटोले बनेको कच्ची घरमा करेन्ट सट भई आगोलागी भएको भन्ने खबर २३:३० बजे जानकारी भए पश्चात ई.प्र.का. मेलम्चिबाट प्र.श.नी. कालुमान दनुवारको कमाण्डमा ७ जना तथा सुरक्षा बेस मेलम्चिबाट स.प्र.ब.ह. विजय प्रकाश शर्माको कमाण्डमा ७ जनाको टोली खटी आगो नियन्त्रण गरेको। उक्त आगलागीबाट मानवीय क्षति नभएको, बाख्रा १ वटा मरेको, नगद रु. २४,००० (चौविस हजार), चाँदी ३ तोलाको, ब्रासलेट, धान २० मुरी, कोदो १० मुरी, मकै १५ मुरी, गँहु ५ मुरी, टिभी १ थान, लत्ताकपडा र घर गरी अन्दाजी रु. सात लाख बराबरको क्षति भएको। आगो नियन्त्रण ०१:३० बजे आएको।

**स्रोत: जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, सिन्धुपाल्चोक**